# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४ )जनकपुरधाम,नेपाल,माघ २८ गते,२०७७ साल(अतिरिक्ताङ्क ८

भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

सम्वत् २०७७ सालको ऐन नं १६

## प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** निजामती प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी

बनाउने प्रयोजनको लागि प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तसम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश निजामती सेवा ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियारवाला" भन्नाले दफा १४ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनुपर्छ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ ।

(ग) "तलब" भन्नाले निजामती कर्मचारीले मासिक रुपमा पाउने तलब र भत्ता सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) "परिवार" भन्नाले प्रदेश निजामती कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला

कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(च) "प्रदेश किताबखाना" भन्नाले प्रदेश निजामती कर्मचारी तथा प्रदेश अन्य सरकारी सेवा तथा स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने निकाय सम्झनुपर्छ ।

(छ) "प्रदेश निजामती कर्मचारी" भन्नाले प्रदेश निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ ।

(ज) "प्रदेश निजामती सेवा" भन्नाले दफा ४ बमोजिम गठित प्रदेश निजामती सेवा सम्झनुपर्छ ।

(झ) "प्रदेश सरकार" भन्नाले प्रदेश नम्बर दुईको प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनुपर्छ ।

(ञ) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनुपर्छ ।

(ट) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने पद सम्झनुपर्छ ।

(ठ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिगेरेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) ग्रीन कार्ड, आधार कार्ड वा विदेशी मुलुकको मतदाता नामावलीमा नाम समावेश भएको

समेत सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ढ) "स्थायी पद" भन्नाले निवृत्तिभरण पाउने प्रदेश निजामती सेवाको पद सम्झनुपर्छ र सो शब्दले योगदानमा आधारित निवृत्तिभरण समेतलाई जनाउँछ ।

३. प्रदेश निजामती सेवा सम्बन्धी प्रादेशिक निकायः (१) प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त तथा प्रदेश निजामती कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रादेशिक मुख्य निकायको रूपमा काम गर्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएको विषय बाहेकको प्रदेश निजामती कर्मचारी प्रशासनसम्बन्धी काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

## परिच्छेद– २

## प्रदेश निजामती सेवाको गठन

४. प्रदेश निजामती सेवाको गठनः (१) प्रदेश निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरू रहनेछन्:

(क) आर्थिक योजना तथा तथ्यांक सेवा

(ख) इन्जिनियरिङ्ग सेवा

(ग) कानुन सेवा

(घ) कृषि सेवा

(ङ) प्रशासन सेवा

(च) वन सेवा

(छ) विविध सेवा

(ज) शिक्षा सेवा

(झ) स्वास्थ्य सेवा

(२) अधिकृत बाह्रौं तहको पदमा बढुवा गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सेवाको समूहीकरण (कलस्टर) गरिएको छ ।

(क) इन्जिनियरिङ्ग सेवा

(ख) कानुन सेवा

(ग) कृषि तथा बन सेवा

(घ) प्रशासन सेवा

(ङ) शिक्षा तथा स्वास्थ्य सेवा

(३) इन्जिनियरिङ्ग सेवाको अधिकृत बाह्रौ तहको पदमा बढुवाका लागि सोही सेवाका अधिकृत एघारौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।

(४) कानुन सेवाको अधिकृत बाह्रौ तहको पदमा बढुवाका लागि सोही सेवाका अधिकृत एघारौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।

(५) कृषि तथा बन सेवाको अधिकृत बाह्रौ तहको पदमा बढुवाका लागि सोही सेवाका अधिकृत एघारौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।

(६) प्रशासन सेवाको अधिकृत बाह्रौ तहको पदमा बढुवाका लागि आर्थिक योजना तथा तथ्याङ्क सेवाका, प्रशासन सेवाका र विविध सेवाका अधिकृत एघारौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।

(७) शिक्षा तथा स्वास्थ्य सेवाको अधिकृत बाह्रौ तहको पदमा बढुवाका लागि शिक्षा सेवा तथा स्वास्थ्य सेवाका अधिकृत एघारौं तहका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् ।

(८) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उल्लेखित समूहीकरण (कलस्टर) बाट बढुवा भएका अधिकृत बाह्रौ तहको कर्मचारीको सरूवा तथा पदस्थापना गर्ने प्रयोजनको लागि समूहीकरण (कलस्टर) को ब्यवस्था लागु हुनेछैन।

(९) उपदफा (३), (४), (५), (६) र (७) बमोजिम बढुवा भएको कर्मचारी जुनसुकै कारणले सेवामा नरहेमा सोही समूह (कलस्टर) बाट बढुवा गरी पदपूर्ति गरिनेछ ।

(१०) उपदफा (२) बमोजिमको समूहबाट बढुवा हुने अधिकृत बाह्रौं तहको पद संख्या तोकिए बमोजिम हुनेछ। यसरी पद संख्या नतोकिएसम्म यो ऐन प्रारम्भ हुँदाको बखत कायम रहेका समूहगत पद संख्याको आधारमा बढुवा गरिनेछ ।

(११) प्रदेश निजामती सेवामा तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूहहरु रहनेछ ।

(१२) प्रदेश निजामती सेवाका विभिन्न समूह तथा उपसमूहहरुमा रहने विभिन्न पदहरुको लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।

५. <u>प्रदेश निजामती सेवामा रहने तहः</u> (१) प्रदेश निजामती सेवामा देहाय बमोजिमका तहहरू रहनेछन्ः–

(क) अधिकृत बाह्रौ तह

(ख) अधिकृत एघारौ तह

(ग) अधिकृत दशौं तह

(घ) अधिकृत नवौं तह

(ङ) अधिकृत आठौं तह

(च) अधिकृत सातौं तह

(छ) अधिकृत छैठौं तह

(ज) सहायक पाचौं तह

(झ) सहायक चौथो तह

(ञ) सहायक तेस्रो तह ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत श्रेणीविहीन र रा.प.अंनकित पाँचौ श्रेणीका हलुका सवारी चालक, कार्यालय सहयोगी, माली, चौकिदार र स्वीपर पदमा कार्यरत कर्मचारीहरूलाई यो ऐन प्रारम्भ भएपछि सहायक तेस्रो तहमा आवद्ध गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको पदमा नयाँ स्थायी पदपूर्ति गरिने छैन ।

(४) उपदफा (२) बमोजिम सहायक तेस्रो तहमा आवद्ध भएका कर्मचारीको दरवन्दी स्वतः सृजना हुनेछ र निज अवकाश भए पश्चात उक्त दरबन्दी स्वतः खारेज हुनेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारलाई अति आवश्यक पर्ने बन रक्षक, सशस्त्र वन रक्षक जस्ता तोकिएको पदको पदपूर्तिमा बन्देज भएको मानिनेछैन।

६. <u>सेवाका पदहरू:</u> (१) प्रदेश निजामती सेवाका विभिन्न तहहरुमा विशेषज्ञ पद लगायत विभिन्न तहका प्राविधिक तथा प्रशासनिक पदहरू रहनेछन् ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक प्रदेश निजामती सेवामा तोकिए बमोजिमका सहायक पदहरू पनि रहन सक्नेछन् ।

७. **कार्य विवरणः** (१) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविवरण सहितको संगठन संरचनाको आधारमा सम्बन्धित मन्त्रालयका सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नु पर्नेछ । कार्य विवरणमा पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यतासमेत स्पष्ट रूपमा किटान गरिएको हुनु पर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा दिइने पत्रसंगै निजको कार्यविवरण र कार्यविवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्य विवरणको आधारमा प्रदेश निजामती कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउन सकिनेछ ।

तर आयोजना प्रमुख तथा तोकिए बमोजिमका विभागीय प्रमुख र कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्नु अनिवार्य हुनेछ ।

(४) प्रत्येक सुपरीवेक्षकले आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र आफ्नो मातहतमा काम गर्ने सहायक तेस्रो तह बाहेकका अन्य कर्मचारीलाई उपदफा (१) बमोजिमको कार्यविवरणको आधारमा त्यस्तो कर्मचारीले सम्पादन गर्नुपर्ने कार्यको वार्षिक लक्ष्य निर्धारण गरी जिम्मेवारी तोकी काममा लगाउनु पर्नेछ । त्यस्तो वार्षिक

लक्ष्य बमोजिम सम्पादित काम समेतको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ ।

(५) कार्य विवरणसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद– ३

## प्रदेश निजामती सेवाको पदपूर्ति

८. <u>दरबन्दी सिर्जनाः</u> (१) प्रदेश निजामती सेवामा रहने पदहरूको दरबन्दी तोकिए बमोजिम सिर्जना हुनेछ ।

(२) कुनै सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा वा नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण, सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेशको अर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिई स्वीकृतिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

तर संगठन संरचना र दरबन्दी हेरफेर भएको अवस्थामा त्यस्तो हेरफेर भएको संगठन संरचना र दरबन्दीको मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेस गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभा सचिवालयको संगठन संरचना र दरबन्दीको पुनरावलोकन र हेरफेर सचिवालय संचालन तथा ब्यवस्थापन समितिले गर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद र सचिवालय संचालन तथा ब्यवस्थापन समितिबाट संगठन संरचना र दरबन्दी स्वीकृत भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश सभा सचिवालयले प्रदेश किताबखानामा पद दर्ता गराई सोको जानकारी सम्बन्धित मन्त्रालय वा प्रादेशिक निकायमा दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (४) बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सृजना गरिने छैन । यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ ।

तर त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा रहेको अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी स्थायी पदपूर्ति गरिने छैन ।

(७) यस दफा बमोजिम सिर्जना भएको स्थायी पदमा नियुक्त वा बढुवा भएको प्रदेश निजामती कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि व्यहोराले पदपूर्ति गरिनेछैन।

९. <u>प्रदेश निजामती सेवाको पदपूर्तिः</u> (१) प्रदेश निजामती सेवाको अधिकृत बाह्रौं तहको पदमा दफा २९ को उपदफा

(२) बमोजिम र देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः–

**क) प्रदेश स्वास्थ्य सेवा वाहेकको सेवा तर्फ**

| तह / पद | | खुल्ला प्रतियोगिता | बढुवा / स्तरवृद्धि | अन्तर सेवा |
|---|---|---|---|---|
| (क) | सहायक चौथो | ९० % | १० % | |
| (ख) | सहायक पाँचौं | ५० % | ४० % | १० % |
| (ग) | अधिकृत छैठौं | | १०० % | |
| (घ) | अधिकृत सातौं | ६५ % | २५ % | १० % |
| (ङ) | अधिकृत आठौं | | १०० % | |
| (च) | अधिकृत नवौं | २० % | ७० % | १० % |
| (छ) | अधिकृत दसौं | | १०० % | |
| (ज) | अधिकृत एघारौ | १५ % | ७५ % | १० % |
| (झ) | अधिकृत बाह्रौ | | १०० % | |

**ख) प्रदेश स्वास्थ्य सेवा तर्फ**

| तह | | खुल्ला प्रतियोगिता | बढुवा / स्तर वृद्धि | अन्तर सेवा |
|---|---|---|---|---|
| (क) | चौथौं | १००% | | |
| (ख) | पाँचौं | ५५% | ३५% | १०% |
| (ग) | छैठौं | | १००% | |
| (घ) | सातौ (चिकित्सक वाहेक) | ७०% | २०% | १०% |
| (ङ) | आठौं (चिकित्सक) | १००% | | |

| | | | | |
|---|---|---|---|---|
| (च) | आठौं (चिकित्सक वाहेक) | | १००% | |
| (छ) | नवौं (चिकित्सक र नर्सिङ्ग) | २०% | ६०% | २०% |
| (ज) | नवौं (चिकित्सक र नर्सिङ्ग वाहेक) | २०% | ७०% | १०% |
| (झ) | दसौं | | १००% | |
| (ञ) | एघारौं | १०% | ८०% | १०% |
| (ट) | बाह्रौं | | १००% | |

(२) एक तह मुनिको पद नभएको सेवा समूह वा उपसमूहको पदमा रिक्त सबै पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ ।

(३) यस दफा बमोजिम पदपूर्तिको लागि पदसंख्या निर्धारण गरी प्रदेश लोक सेवा आयोगले विज्ञापन प्रकाशित गर्नेछ।

(४) श्रेणीविहिन पद रिक्त भएमा स्वतः खारेज हुनेछ। सम्बन्धित कार्यालयले यस्ता पदहरू खारेज भएको जानकारी प्रदेश किताबखानामा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम खारेज भएको श्रेणीविहिन पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग सेवा करारद्वारा सम्पादन गराउन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रकारको क्षमता चाहिने र विशेष प्रकारको कार्यसम्पादन गर्नुपर्ने श्रेणीविहीन पदहरु खारेज गरिने छैन।

त्यस्ता पदसँग सम्बन्धित सेवा शर्तहरु तोकिए बमोजिम हुनेछ ।

(७) विविध सेवा अन्तर्गत कम्प्युटर अपरेटर पाँचौं तह र सहायक कम्प्युटर अपरेटर चौथो तह पदमा स्थायी पदपूर्ति गरिने छैन ।

(८) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ४९ (उन्नानपचास) प्रतिशत् पद छुट्याई सोलाई शत्प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

| | |
|---|---|
| (क) मधेशी | ५४ प्रतिशत |
| (ख) दलित | १७ प्रतिशत |
| (ग) मुस्लिम | १२ प्रतिशत |
| (घ) आदिवासी/जनजाती | ६ प्रतिशत |
| (ङ) थारु | ५ प्रतिशत |
| (च) आर्थिक रुपले विपन्न खस आर्य | ४ प्रतिशत |
| (छ) अपाङ्ग | २ प्रतिशत |

तर यस उपदफाको खण्ड (छ) बमोजिम अपाङ्गमा आरक्षण प्राप्त गर्न सरकारी निकायबाट "क" र "ख" वर्गको अपाङ्गताको परिचय पत्र प्राप्त गरेको व्यक्तिलाई मात्र उपलब्ध गराइनेछ ।

(९) उपदफा (८) मा उल्लिखित प्रत्येक समूहमा पचास प्रतिशत् सम्बन्धित समूहका महिलाका लागि आरक्षित रहनेछ ।

(१०) उपदफा (८) र (९) बमोजिम आरक्षण प्रदान गर्दा ग्राह्यता दिने सम्बन्धी ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) उपदफा (८) र (९) मा जुनसुकै कुरा लेखिएको भएतापनि आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ ।

(१२) उपदफा (८) र (९) बमोजिम प्रतिशत् निर्धारण गर्दा एक प्रतिशत्भन्दा कम घताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा घताङ्क आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(१३) उपदफा (८) र (९) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को दुई वर्षसम्म हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

(१४) उपदफा (८) र (९) बमोजिम निर्धारण गरिएको प्रतिशत्द्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।

(१५) उपदफा (८) र (९) बमोजिमको प्रतिशत् बमोजिम पद संख्या निर्धारण गर्दा कुनै विवाद आएमा प्रदेश लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ ।

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि

महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ ।

(१७) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको अन्तर सेवाद्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा सात वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् ।

(१८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने अधिकृत नवौं र एघारौं तहको पदको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगिठत संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा अधिकृत नवौं तहको हकमा पाँच वर्ष र अधिकृत एघारौं तहको हकमा सात वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

तर विद्यावारिधि स्तरको उपाधी हासिल प्राप्त गरेको ब्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

(१९) उपदफा (१८) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निकायमा आंशिकरूपमा काम गरेको अनुभव सो प्रयोजनको लागि गणना हुने छैन ।

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनको लागि "आंशिकरूपमा काम गरेको" भन्नाले प्रति हप्ता चालिस घण्टा भन्दा कम समय गरेको कामलाई जनाउँनेछ ।

(२०) प्रदेश निजामती सेवाको पदपूर्तिसम्बन्धी अन्य व्यवस्था र विशेषज्ञ पदहरूको पूर्तिसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **पदपूर्तिको माग गर्ने:** (१) प्रदेश निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो निकाय समक्ष पठाउनु पर्नेछ । सो अवधिभित्र विवरण नपठाउने पदाधिकारीलाई विभागीय कारबाही हुनेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि सो निकायले सरूवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए अधिकृत सातौ तह देखि माथिको पदको हकमा सेवा सञ्चालन गर्ने निकाय मार्फत माग फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ र सहायक कर्मचारीको हकमा पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ ।

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सातौं तहदेखि माथिको तहको रिक्त पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा प्रदेश लोकसेवा आयोगमा पुग्ने गरी पदपूर्तिको लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती सेवाको पदपूर्तिको लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम सम्बन्धित माथिल्लो निकायबाट प्रदेश लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले प्रदेश लोकसेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा माग आकृति फाराम भरी प्रदेश लोकसेवा आयोगमा पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

११. **पदपूर्तिमा बन्देजः** प्रदेश निजामती सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

१२. **ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइनेः** यो ऐन प्रारम्भ भएपछि कसैले पनि प्रदेश निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाउने छैन ।

तर

(१) स्वीकृत दरबन्दीभित्रको कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, माली स्वीपर, पलम्बर, इलेक्ट्रिसियन, र सवारीचालक जस्ता स्थायी पदपूर्ति नहुने पदमा करार वा ज्यालादारीमा पदपूर्ति गर्न सकिनेछ ।

(२) स्वास्थ्यसेवा जस्ता अति आवश्यक सेवा स्थायी पदपूर्तिबाट मात्रै सेवा प्रवाह गराउन नसकिएमा करार वा ज्यालादारीमा पदपूर्ति गरिनेछ ।

(३) स्वास्थ्यसेवाका चिकित्सक वा अन्य स्वास्थ्यकर्मी छ महिना भन्दा लामो विदामा

रहँदा उक्त पदमा निजको विदा अवधिसम्मको लागि करार वा ज्यालादारीमा पदपूर्ति गरिनेछ ।

१३. <u>प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने:</u> खुल्ला प्रतियोगिता वा अन्तरसेवा प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ ।

१४. <u>नियुक्ति र पदस्थापनः</u> (१) प्रदेश निजामती सेवाको अधिकृत नवौं तह वा सो भन्दा माथिको तहको पदमा प्रदेश सरकारले शुरुको नियुक्ति तथा पदस्थापन गर्नेछ र अधिकृत छैठौं, सातौं र आठौं तहको नियुक्ति तथा पदस्थापन सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले गर्नेछ । त्यस्तो नियुक्तिको सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

(२) प्रदेश निजामती सेवाको सहायक तहको पदमा विभागीय प्रमुख वा कार्यालय प्रमुखले नियुक्ति गर्न सक्नेछ ।

(३) प्रदेश निजामती कर्मचारीको पदस्थापन गर्दा प्रदेश लोक सेवा आयोग वा बढुवा समितिले सिफारिस गरेको अन्तिम एकमुष्ठ योग्यता सूचीको योग्यताक्रमका आधारमा गरिनेछ ।

(४) प्रदेश निजामती कर्मचारीको नियुक्ति र पदस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>व्यक्तिगत विवरण (सिटरोल):</u> (१) प्रदेश निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको एक महिनाभित्र आफ्नो व्यक्तिगत विवरण तयार गरी कार्यरत कार्यालयमा पेस गर्नु पर्नेछ । त्यस्तो व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र प्रदेश किताबखानामा पठाउनु पर्नेछ । प्रदेश किताबखानाले

व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी अभिलेख राख्नु पर्नेछ तथा सम्बन्धित कर्मचारीलाई संकेत नम्बर उपलब्ध गराउनु पर्नेछ । त्यस्तो संकेत नम्वर कर्मचारीको सरुवा, बढुवा लगायत पत्राचारमा प्रयोग गरिनेछ ।

(२) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

(३) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने-गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ ।

(४) संघबाट प्रदेशमा समायोजन भई आएका कर्मचारीहरूको हकमा राष्ट्रिय किताबखानाबाट त्यस्ता कर्मचारीहरूको विवरण माग गरी प्रदेश किताबखानाले अद्यावधिक गर्नु पर्नेछ ।

१६. <u>उम्मेदवार हुनको लागि अयोग्यताः</u> देहायका व्यक्तिहरू प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुनसक्ने छैननः

(क) सहायक तहको पदमा अठार वर्ष उमेर पूरा नभएका,

(ख) अधिकृत तहको पदमा एकाइस वर्ष उमेर पूरा नभएका,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भइसकेका,

तर

(१) इन्जिनियरिङ्ग सेवा, कृषि सेवा, बन सेवा र स्वास्थ्य सेवाको हकमा चालीस वर्ष ननाघेका व्यक्ति उम्मेदवार हुन सक्नेछन्।

(२) वहालवाला निजामती कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिएका,

(ङ) गैर नेपाली नागरिक,

(च) स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

(छ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको ।

(ज) भ्रष्टाचार, किर्ते, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरदस्ती करणी वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

१७. <u>पदाधिकार र जिम्मेवारीः</u> देहायको अवस्थामा प्रदेश निजामती कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहनेछः

(क) त्यस पदमा कामकाज गरिरहँदासम्म ।

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म ।

(ग) बिदामा रहेका अवधिभर ।

(घ) निलम्बनमा रहेको अवधिभर ।

(ङ) काजमा खटिएको अवधिभर ।

(च) कुनै पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।

१८. **कायम मुकायम र निमित्तः** (१) प्रदेश प्रमुख सचिव, प्रदेश सचिव, सचिव, विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा वहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म विदामा बसेमा वा प्रचलित कानुन बमोजिम कारबाहीमा परी निलम्बन भएमा सो पदमा तत्काल काम चलाउनको लागि एक तह मुनिका बरिष्ठ कर्मचारीलाई बढीमा छ महिनासम्मको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा सोही कार्यालयको दरबन्दी वा विशेष दरबन्दीभित्रको वा रिक्त दरबन्दीमा काजमा खटिएको निजामती कर्मचारीमध्ये वरिष्ठतम कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्वपर्ने कार्य, अर्धन्यायिक प्रकृतिको कार्य र कार्यालय प्रमुखले आफैंले गर्नुपर्ने कार्यबाहेक त्यस्तो पदले दैनिक रुपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनुपर्छ ।

१९. <u>शपथ ग्रहणः</u> पहिलोपटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नुअघि प्रत्येक प्रदेश निजामती कर्मचारीले तोकिए बमोजिम शपथग्रहण गर्नु पर्नेछ ।

२०. <u>परीक्षणकालः</u> प्रदेश निजामती सेवाको स्थायी पदमा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीको हकमा छ महिना र पुरुष कर्मचारीको हकमा एक वर्षको परीक्षणकालमा रहने गरी गरिनेछ । परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ । यसरी नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ ।

तर प्रदेश निजामती सेवाको कुनै पदमा एक पटक स्थायी नियुक्ति भई परीक्षणकाल भुक्तान गरिसकेको कर्मचारी प्रदेश निजामती सेवाको अर्को पदमा स्थायी नियुक्ति भएमा त्यस्तो कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन ।

२१. <u>प्रमुख सचिव र सचिवको पदावधिः</u> उमेरको हद ननाघ्ने गरी प्रमुख सचिवको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्षको हुनेछ ।

## परिच्छेद– ४
## <u>जिम्मेवारी र उत्तरदायित्व</u>

२२. <u>कार्यालय प्रमुखको जिम्मेवारीः</u> प्रचलित कानुनमा उल्लेखित अन्य विषयका अतिरिक्त कार्यालय प्रमुख देहायका विषयमा जिम्मेवार हुनुपर्नेछः

(क) आफ्नो कार्यालयको कामलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाई सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने,

(ख) आफ्नो कार्यालयमा व्यवस्थित र नियमित आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने

(ग) कार्यालयमा ढिलासुस्ती, अनियमितता, अनुशासनहीनता र लापर्वाही हुन नदिने,

(घ) सेवा प्रवाहको लागि आवश्यक स्रोत साधनको व्यवस्था मिलाउने,

(ङ) सेवाप्रवाहमा निरन्तर सुधार, सृजनशीलता र नवप्रवर्तनको पहल र प्रोत्साहन गर्ने ।

२३. <u>प्रदेश निजामती कर्मचारीको जवाफदेही:</u> (१) प्रदेश निजामती कर्मचारीले सेवाग्राहीप्रति शिष्ट र मर्यादित व्यवहारका साथ जवाफदेहीपूर्वक कार्यसम्पादन गर्नु पर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीको लापरवाही वा ढिलासुस्तीको कारणले सेवाग्राहीलाई हानि नोक्सानी पुग्न गएमा त्यसको क्षतिपूर्ति सम्बन्धित कर्मचारीले व्यहोर्नु पर्नेछ ।

(३) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. <u>प्रदेश निजामती कर्मचारीको उत्तरदायित्व:</u> सरकारी कामको सिलसिलामा प्रदेश निजामती कर्मचारीमा देहाय बमोजिमको उत्तरदायित्व रहनेछः

(क) आफूले सम्पादन गरेको कामका लागि संविधान र कानुनप्रति ।

(ख) आफूलाई अख्तियारी दिने अधिकारी वा कार्यालय प्रमुखप्रति ।

(ग) आफूले गरेको निर्णय वा प्रवाह गरेको सेवाबाट प्रभावित हुने सरोकारवाला वा सेवाग्राही प्रति ।

## परिच्छेद ५

## सरुवा र काज

२५. **सरुवा गर्ने अधिकारः** (१) प्रदेश निजामती कर्मचारीलाई प्रदेशको विभिन्न स्थानको अनुभव समेत दिलाउनका लागि उपदफा (३) बमोजिमको अवधि पुरा भएपछि सरुवा गरिनेछ र त्यस्तो सरुवा गर्ने अधिकार अख्तियारवालालाई हुनेछ ।

तर एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको प्रदेश निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरुवा गर्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत बाह्रौं र एघारौं तहका कर्मचारीको सरुवा वा पदस्थापना प्रदेश सरकार, मन्त्रिपरिषदले गर्नेछ । अधिकृत दशौं र नवौं तहका कर्मचारीको सरुवा वा पदस्थापना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ । आठौं र सातौं तहका कर्मचारीको सरुवा वा पदस्थापना सम्बन्धित मन्त्रालयले गर्नेछ । अधिकृत छैठौं र सोभन्दा मुनि तहका कर्मचारीको सरूवा विभागीय प्रमुखले गर्नेछ ।

तर माथिल्लो तहको सरूवा गर्नसक्ने निकायले तल्लो तहको सरूवा गर्न बाधा परेको मानिने छैन ।

(३) अधिकृत बाह्रौं र एघारौं तहका कर्मचारीलाई समान्यतया कम्तीमा छ महीना र सोभन्दा मुनिका कर्मचारीलाई दुई बर्ष पूरा नभई सरुवा गरिने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रदेश निजामती कर्मचारीलाई निजको तोकिएको अवधि नपुग्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिई सरुवा गर्न सकिनेछः–

(क) कुनै स्थानमा कार्यरत प्रदेश निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा प्रदेश सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै प्रदेश निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनु परेमा,

(ग) कुनै प्रदेश निजामती कर्मचारीलाई विभागीय कारबाही गर्नु परेमा,

(घ) कुनै प्रदेश निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखिराख्न उपयुक्त नभएमा,

(ङ) प्रदेश निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेको र निजलाई सोही जिल्लास्थित अन्य कार्यालयमा समेत समायोजन गर्न सक्ने अवस्था नरहेमा,

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन विदामा रहेको वा स्वतः निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै विदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामको लागि वा कुनै

खास आयोजना कार्यान्वयन गर्नको लागि खटाइएको प्रदेश निजामती कर्मचारी कार्यालय प्रमुख वा विभागीय प्रमुख भए पदाधिकार रहेको मन्त्रालयको सहमति लिई सो अवधिभरको लागि विशेष पद सिर्जना गरी त्यस्तो पदको कर्मचारीको पदाधिकार केन्द्रीय स्तरको प्रादेशिक निकायमा सार्न सकिनेछ ।

(६) उपदफा (३) बमोजिमको अवधि नपुग्दै कुनै कर्मचारीलाई सरुवा गर्नुपरेमा कुन कारणले सरुवा गर्नुपरेको हो खुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सरुवा सहमति लिई सरुवा गर्नुपर्नेछ ।

(७) यस दफा विपरीत सरुवा गर्ने पदाधिकारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्नेछ र त्यस्तो सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रद्द गर्नेछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले गरेको सरुवा भए प्रदेश सरकार (मन्त्रिपरिषद्) ले रद्द गर्नेछ ।

(८) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. <u>काज सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयबाट अन्य स्थानमा एक वर्षमा बढीमा तीन महिनासम्म काजमा खटाउन सकिनेछ ।

तर तालिमको हकमा यो व्यवस्था लागु छैन ।

(२) कुनै पनि प्रदेश निजामती कर्मचारीलाई प्रदेश निजामती सेवाको पद नभएको निकायमा र स्वीकृत अस्थायी दरबन्दीमा काजमा खटाउँदा वा काज अवधि समाप्त नहुँदै काज फिर्ता गर्दा मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्‌को कार्यालयको सहमति लिनु पर्नेछ । यस्तो काजको अवधि एक पटकमा एक वर्षभन्दा बढी हुनेछैन ।

तर सहायक तहका कर्मचारीलाई काजमा खटाउनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सहमति लिनुपर्ने छैन ।

(३) निर्वाचन, लेखापरीक्षण, तथ्यांक संकलन, नापी टोली, खानी सर्वेक्षण जस्ता काममा, कुनै घटनाको जाँचबुझ वा छानबिन, विपद व्यवस्थापन, दैवी प्रकोप, महामारी र अस्थायी प्रकृतिका आयोग तथा समिति लगायतका काममा एक पटकका लागि तीन महिनाभन्दा बढी कुनै कर्मचारीलाई काज खटाउनुपर्ने भएमा काज खटाउने निकायले सम्बन्धित निकाय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सहमति लिई बढीमा एक बर्ष काजमा खटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको प्रदेश निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत खटाउनुपर्ने भएमा काजमा खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले काजमा खटाउन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कार्यालयको विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा कार्यरत रहेको कर्मचारीलाई सो पदमा पदाधिकार राखी अन्यत्र आयोजनामा वा निकायमा काजमा खटाइनेछैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको

अतिरिक्त समूहमा पदाधिकार भएको कर्मचारीलाई सेवा, समूह मिल्ने गरी जुनसुकै निकायमा कामकाज गर्न खटाउन सक्नेछ र कुनै प्रदेश निजामती कर्मचारीको विशेषज्ञताको सेवा लिनको लागि अन्तरनिकायको कार्यमा कुनै कर्मचारीलाई कामकाज गर्न काजमा खटाउनुपर्ने भएमा कर्मचारी कार्यरत निकाय र काजमा लिने निकायको सहमतिमा बढीमा तीन महिनाको लागि प्रदेश सरकारले काजमा खटाउन सक्नेछ ।

(७) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन जानु भनी रमाना दिई पठाउनु पर्नेछ । काजको अवधिभन्दा बढी समय काज खटिएको निकायमा हाजिर गर्ने र हाजिर गराउने कर्मचारीलाई विभागीय कारवाही गरिनेछ ।

(८) यस दफा बमोजिम काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी दिइनेछैन। त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा त्यसरी भुक्तानी दिने कर्मचारीबाट असुल गरिनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत बाह्रौं तहको पदमा कार्यरत कर्मचारीलाई सोही तहको पदमा काजमा खटाउन सकिनेछ।

तर प्रदेश सरकारले गठन गरेको आयोग, कार्यदल वा यस्तै प्रकृतिको अन्य कुनै कार्य गर्नको लागि अवधि तोकी काजमा खटाउन बाधा पुगेको मानिनेछैन ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती कर्मचारीलाई स्थानीय तहको माग बमोजिम रिक्त पदमा एक पटकमा बढीमा एक बर्षका लागि काजमा खटाउन सकिनेछ ।

(११) काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **जिम्मेवारी नदिई राख्न नहुने:** (१) देहायको अवस्थामा बाहेक कुनै पनि प्रदेश निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई दुई महिनाभन्दा बढी अवधिसम्म राख्न सकिनेछैनः–

(क) लामो बिदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(२) उपदफा (१) विपरीत कुनै प्रदेश निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनुपर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ ।

## परिच्छेद ६

## बढुवा र स्तरबृद्धि

२८. **बढुवा समितिः** (१) प्रदेश निजामती सेवाको अधिकृत स्तरका पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछः

(क) प्रमुख सचिव बाहेक अधिकृत बाह्रौं, एघारौं र नवौं तहका पदका लागि,

(१) प्रदेश लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य –अध्यक्ष

(२) प्रमुख सचिव, प्रदेश सरकार –सदस्य

(३) सचिव, कानुन सम्बन्धी विषय हेर्ने मन्त्रालय –सदस्य

(४) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –सदस्य–सचिव

(ख) सहायक चौथों, पाचौं र अधिकृत सातौं तहका पदका लागि

(१) प्रदेश लोकसेवा आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य –अध्यक्ष

(२) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –सदस्य

(३) सचिव, कानुन सम्बन्धी विषय हेर्ने मन्त्रालय –सदस्य

(४) सेवा, समूह वा उपसमूह संचालन गर्ने मन्त्रालय वा निकायको सचिव वा निजले तोकेको अधिकृत एघारौं तहको अधिकृत –सदस्य–सचिव

(२) बढुवा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र खण्ड (ख) बमोजिमको बढुवा समितिको सचिवालय सेवा समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायमा रहनेछ ।

(४) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) बढुवा समितिले बढुवा सिफारिसको नामावली प्रकाशन गर्दा बढुवाको लागि आवेदन गरेका सबै सम्भाव्य उम्मेदवारको योग्यताक्रम प्रकाशन गर्नु पर्नेछ ।

(६) बढुवा समितिले बढुवा आवेदन फाराम र आवश्यक कागजात प्राप्त गरेको मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

२९. <u>अधिकृत बाह्रौं तहको पदमा बढुवा:</u> (१) अधिकृत बाह्रौं तहको प्रमुख सचिवको पदमा बढुवा गर्दा प्रदेश निजामती सेवाका बहालवाला सचिवहरूमध्येबाट प्रदेश सरकारले ज्येष्ठताको आधारमा बढुवा गर्नेछ ।

(२) प्रमुख सचिव बाहेक प्रदेश निजामती सेवाको अधिकृत बाह्रौं तहको पदमा बढुवा गर्दा दफा २८ को उपदफा (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सिफारिसमा गरिनेछ ।

(३) अधिकृत बाह्रौं तहको सचिव वा सो सरहको पदमा दफा ३६ बमोजिम नकारात्मक सूचीमा नपरेका प्रदेश निजामती सेवाको अधिकृत एघारौं तह वा सो सरहको पदमा सबैभन्दा बढी सेवा अवधि भएको सम्भाव्य उम्मेदवारमध्ये बढुवा समितिको सिफारिसमा प्रदेश सरकारले बढुवा गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अधिकृत बाह्रौं तहको सचिव वा सो सरहको पदमा सम्भाव्य उम्मेदवार हुन अधिकृत एघारौं तहको पदमा कार्यरत कर्मचारीले उच्चस्तरीय व्यवस्थापन तालीम समेत उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(५) यस दफा बमोजिम पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगले पद संख्या निर्धारण गर्नेछ ।

(६) अधिकृत बाह्रौं तहको कुनै पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र बढुवा समितिले सिफारिस गर्नु पर्नेछ र प्रदेश सरकारले त्यसरी सिफारिस भएको पन्ध्र दिनभित्र पदपूर्ति गर्नु पर्नेछ ।

३०. **बढुवाका लागि न्यूनतम योग्यताः** (१) बढुवाका लागि उम्मेदवार हुने पदको तह भन्दा एक तहमुनिको पदमा बढुवाको लागि विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम योग्यता पुगेको हुनु पर्नेछ ।

| बढुवा हुने | सेवा अवधि | शैक्षिक योग्यता | कार्य सम्पादन मुल्याङ्कन अंक |
|---|---|---|---|
| अधिकृत बाह्रौं | अधिकृत एघारौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको | सेवासमूहसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | पछिल्लो पाँच वर्षको औसत असी प्रतिशत् |
| अधिकृत एघारौं | अधिकृत दशौं र नवौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको | सेवासमूहसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतीर्ण | पछिल्लो पाँच वर्षको औसत असी प्रतिशत् |
| अधिकृत नवौं | अधिकृत आठौं र सातौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको | सेवासमूहसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतिर्ण | पछिल्लो पाँच वर्षको औसत असी प्रतिशत् |

| | | | |
|---|---|---|---|
| अधिकृत सातौं | अधिकृत छैठौं र सहायक पाँचौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको | सेवासमूहसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उतिर्ण | पछिल्लो पाँच वर्षको औसत असी प्रतिशत् |
| सहायक पाँचौं | सहायक चौथों तहमा कम्तीमा तीन वर्ष काम गरेको | सेवासमूहसंग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण | पछिल्लो तीन वर्षको औसत असी प्रतिशत् |
| सहायक चौथो | सहायक तेस्रो तहमा कम्तीमा तीन वर्ष काम गरेको | सेवासमूहसंग सम्बन्धित विषयमा एस ई ई वा सो सरह उतीर्ण | पछिल्लो तीन वर्षको औसत असी प्रतिशत् |

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई बढुवाका लागि उम्मेदवार हुने कर्मचारीको हकमा समायोजन हुनु पूर्वको सेवा अवधिसमेत हाल बहाल रहेको सेवा अवधिमा गणना गरिनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि महिला, मधेशी, दलित, मुस्लिम, आदिवासी/जनजाती, थारू, आर्थिकरूपले विपन्न खस आर्य र अपाङ्ग कर्मचारीको हकमा माथि उल्लेखित सेवा अवधिमा एक वर्ष कम सेवा

अवधि भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन्।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि न्यूनत्तम शैक्षिक योग्यता, बढुवाको लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको र यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेशमा समायोजन भएर आएका कम्प्युटर अधिकृत, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटरहरु प्रदेश निजामती प्रशासन सेवाको तोकिए बमोजिमको समूहमा ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् ।

३१. <u>बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने</u>: दफा ३० मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि प्रदेश निजामती कर्मचारी देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले तीन महिनासम्म,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलबवृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ङ) दफा १२४ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले एक वर्ष,

(च) स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्‌मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

३२. बढुवा नियुक्तिको रोक्काः (१) बढुवाका लागि सिफारिस भइसकेको कुनै प्रदेश निजामती कर्मचारीले बढुवा नियुक्ति नपाउदै निलम्बन, बढुवा रोक्का, तलबवृद्धि रोक्का भएमा वा नसिहत पाएमा दफा ३१ बमोजिमको अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरी सो अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुनेगरी बढुवा नियुक्ति दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा नियुक्ति रोक्का भएको निजामती कर्मचारीले लागेको आरोपबाट सफाई पाएमा वा निलम्बन अवधि समाप्त भएमा निजको बढुवा नियुक्ति रोक्का नभए सरह बढुवा भएको पदको ज्येष्ठता कायम गरिनेछ ।

३३. जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा हुने बढुवाः (१) बढुवा समितिले जेष्ठता र कार्यसम्पादन मूल्यांकनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका जेष्ठ कर्मचारीलाई देहाय बमोजिमको आधारमा सिफारिस गर्नेछः

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्यांकनको औसतमा असी प्रतिशत् वा सोभन्दा बढी अंक प्राप्त गरेको,

(ख) दफा ३० बमोजिम बढुवाको लागि आवश्यक पर्ने न्यूनतम योग्यता हासिल गरेको,

(ग) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा सम्वन्धित सेवा, समूह वा उपसमूहसंग सम्वन्धित विषयमा तीस कार्यदिन वा सोभन्दा बढीको सेवाकालीन तालिम लिएको ।

(२) उपदफा (१) को प्रयोजनको लागि जेष्ठता निर्धारण गर्दा देहायको आधारमा निर्धारण गरिनेछः

(क) बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम जेष्ठता निर्धारण हुन नसकेमा सो पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(ग) खण्ड (ख) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा सो भन्दा तल्लो तहको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा उमेरको जेष्ठताको आधारमा।

३४. <u>कार्यसम्पादनको मूल्यांकनः</u> (१) प्रदेश निजामती कर्मचारीको कार्यसम्पादनको मूल्यांकन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्यांकन फाराम प्रयोग गरिनेछ ।

(२) प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकनको कुल अंकको विभाजन देहाय बमोजिम हुनेछः–

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम -पच्चीस अंक

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम -दस अंक

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम -पाँच अंक

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले प्रदेश निजामती कर्मचारीहरूको कार्यसम्पादन बापत अंक दिंदा यस दफा र कार्य सम्पादन मूल्यांकन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ ।

(४) प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकन वार्षिक रुपमा गरिनेछ ।

(५) सहायक तहका प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्याकंन गर्दा सम्बन्धित कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्यांकन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग, एकप्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ ।

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई आएका कार्यरत कर्मचारीको हकमा थप एक प्रति कार्यसम्पादन मूल्याकंन फाराम संघीय निजामती ऐन बमोजिमको बढुवा समितिमा पठाउनु पर्नेछ ।

(६) अधिकृत तहका प्रदेश निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्दा सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सचिवले तोकिएको अवधिभित्र मूल्यांकन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोकसेवा आयोग र एक प्रति बढुवा

समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगमा राख्नु पर्नेछ ।

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भई आएका कार्यरत कर्मचारीको हकमा थप एक प्रति कार्यसम्पादन मूल्याकंन फाराम संघीय निजामती ऐन बमोजिमको बढुवा समितिमा पठाउनु पर्नेछ ।

(७) कार्यसम्पादन मुल्यांकन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफूले मूल्यांकन गरेको फाराम पेस गर्नुपर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(८) एक वर्षमा एक भन्दा बढी कार्यालयमा कार्यरत कर्मचारीले सरुवा भई रमाना लिई आउँदा तोकिए बमोजिमको ढाँचामा सम्बन्धित सुपरीवेक्षकबाट कार्यसम्पादन मूल्यांकन फाराम भराई सो समेत लिई आउनु पर्नेछ ।

(९) प्रदेश निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्यांकन फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ । त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिब कारणसहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरीवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिब देखेमा तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम थपिएको म्यादपछि सोही आर्थिक वर्षभित्र कार्यसम्पादन मूल्यांकन फाराम दर्ता

हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्यांकन फाराममा मूल्यांकन बापत कुल प्राप्ताङ्कबाट पुनरावलोकन समितिले एक अंक घटाउनेछ ।

(११) कार्यसम्पादन मूल्यांकन फाराम भर्ने समयावधिमा कुनै प्रदेश निजामती कर्मचारी वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्था परेमा त्यसरी जानुभन्दा अगावै कार्यसम्पादन मूल्यांकन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्यांकन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्यांकन गर्नु पर्नेछ ।

(१२) प्रदेश निजमती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्यांकन फाराम तोकिएको अवधिभित्र मूल्यांकन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

(१३) प्रत्येक वर्ष पुनरावलोकन समितिबाट कार्यसम्पादन मूल्यांकन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्यांकनको कुल अंक निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनु पर्नेछ ।

तर पुनरावलोकन समितिले दिएको अंक जानकारी गराइने छैन ।

(१४) उपदफा (१३) बमोजिम जानकारी लिएपछि सुपरीवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्यांकन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र तोकिए बमोजिमको अधिकारी समक्ष उजूरी गर्न सक्नेछ । त्यसरी उजूरी गरेकोमा त्यस्तो अधिकारीले उजूरीउपर सम्बन्धित

सुपरीवेक्षक र पुनरावलोकनकर्तासंग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्यांकन फाराममा प्राप्त अंक तोकिए बमोजिम संशोधन गर्न सक्नेछ।

(१५) वार्षिक रूपमा गरिने कार्य सम्पादन मूल्यांकनबापत सुपरीवेक्षक वा पुनरावलोकनकर्ताले ९५ प्रतिशतभन्दा बढी वा ७५ प्रतिशतभन्दा कम अंक प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र ७५ प्रतिशतभन्दा कम अंक दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समितिसमक्ष पेस गर्नु पर्नेछ ।

(१६) कार्य सम्पादन मूल्यांकनमा पुनरावलोकन समितिलाई सुपरीवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैले गरेको मूल्यांकन चित्त नबुझेमा सोको स्पष्ट कारणसमेत खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्यांकनकर्ताले पुनः मूल्यांकन गरी वा पहिले गरेको मूल्यांकनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।

(१७) कार्यसम्पादन मूल्यांकनको प्रयोजनको निमित्त अंक गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्यांकन फारामको औसतबाट हिसाब गरिनेछ ।

तर

(क) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालिम वा निलम्बन अवधिको कार्यसम्पादन मूल्यांकनबापत त्यस्तो

अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्यांकनमा जति अंक पाएको छ सोही अनुपातमा अंक गणना गरिनेछ ।

(ख) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारीको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्यांकन फाराम भरिने छैन। असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्यांकनको प्रयोजनको निमित्त अंक गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्यांकन बापतको अंक गणना गरिनेछ ।

(१८) कार्यसम्पादन मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **व्यक्तिगत विवरण पठाउनेः** बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेका प्रदेश निजामती कर्मचारीले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा प्राकृतिक वा आकस्मिक परिस्थिति वा कावू बाहिरको परिस्थिति परी दरखास्त फाराम पेस गर्न नसकेमा बढुवा सूचनाको समयभित्र सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको विवरण बढुवा सूचना प्रकाशन

गर्ने कार्यालयमा पठाएमा त्यस्तो विवरणलाई आधार मानी बढुवा समितिले बढुवाको कारवाही टुङ्गो लगाउनेछ ।

३६. **नकारात्मक सूचीः** देहायको अवस्थामा प्रदेश निजामती कर्मचारी नकारात्मक सूचीमा परेको मानिनेछः

(क) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेस गरेको प्रमाणित भएको अवधिदेखि पाँच वर्ष ।

(ख) कार्यस्थलमा लागू औषधिजन्य पदार्थ सेवन गरेको वा अनुशासनहीन कार्य गरेको प्रमाणित भएमा प्रमाणित भएको पाँच वर्ष।

३७. **बढुवा मिति र बढुवा नियुक्तिः** (१) दफा २८ को उपदफा (६) बमोजिम बढुवा नतिजा प्रकाशन भएपछि बढुवा उजूरीको प्रयोजनको लागि सो नतिजा प्रकाशन भएको मितिबाट पन्ध्र दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतीक्षा सूचीमा राखिनेछ। त्यस्तो बढुवा सिफारिस उपर उजूरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले सोह्रौं दिनको मितिबाट बढुवा हुने तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिस उपर उजूरी परेमा देहाय अनुसार ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछः

(क) दफा ३८ को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

(ख) उजूरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक नतिजा प्रकाशन भएको मितिले सोह्रौं दिनदेखि, र

(ग) कुनै बढुवा सम्वन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि ।

३८. <u>बढुवाको उजुरीः</u> (१) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित प्रदेश निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजूरी दिन सक्नेछ र त्यसरी परेको उजूरीमा उजूरी गर्ने म्याद नाघेको मितिले तीस दिनभित्र टुंगो लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजूरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा प्रदेश लोकसेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

३९. <u>बढुवाको शर्तमा परिवर्तनः</u> यस ऐन अन्तर्गत बनेका नियमहरुमा भएको बढुवाका शर्त सम्बन्धी संशोधन वा परिवर्तन त्यस्तो संशोधन वा परिवर्तन भएको मितिले एक वर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ।

४०. <u>स्तरवृद्धिः</u> (१) प्रदेश निजामती सेवाका देहायका तहमा सेवाकालीन तालिम प्राप्त गरेका कर्मचारीहरुको देहाय बमोजिम स्तरवृद्धि गरिनेछ ।

क) स्वास्थ्य सेवा वाहेकका कर्मचारीको लागि

| क्र. सं. | हालको तह | स्तरवृद्धि हुने तह | सेवा अवधि | कार्य सम्पादन मुल्याङ्कन अंक |
|---|---|---|---|---|
| १ | पाँचौं | छैठों | तीन वर्ष | पछिल्लो तीन वर्षको औसत असी प्रतिशत |
| २ | सातौं | आठौं | तीन वर्ष | पछिल्लो तीन वर्षको औसत असी प्रतिशत |
| ३ | नवौं | दशौं | तीन वर्ष | पछिल्लो तीन वर्षको औसत असी प्रतिशत |

ख) स्वास्थ्य सेवाका कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) प्रत्येक वर्षको श्रावण एक गते र माघको एक गतेदेखि लागु हुने गरी स्तरवृद्धि गर्नु पर्नेछ ।

४१. <u>सहायक तेस्रो तहको कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्थाः</u> (१) सहायक तेस्रो तहका पदका स्तर देहाय बमोजिम हुनेछः

(क) प्रथमस्तर

(ख) द्धितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाचौंस्तर

(२) सहायक तेस्रो तहको पदमा सुरु नियुक्ति हुने प्रदेश निजामती कर्मचारीको प्रथम स्तर कायम हुनेछ ।

(३) अख्तियारवालाले सहायक तेस्रो तहको प्रदेश निजामती कर्मचारीको देहाय बमोजिम स्तरवृद्धि गर्नेछः

(क) पाँच वर्ष वा सोभन्दा बढी तर दस बर्षभन्दा कम सेवाअवधि भएकोलाई द्धितीय स्तर

(ख) दस वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवाअवधि भएकोलाई तृतीय स्तर

(ग) पन्ध्र वर्ष वा सोभन्दा बढी तर बीस वर्षभन्दा कम सेवाअवधि भएकोलाई चतुर्थ स्तर

(घ) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई पाचौ स्तर ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३१ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको अवधिभर स्तरवृद्धि हुनेछैन ।

(५) यो ऐन प्रारम्भ हुनुअघि श्रेणी विहीन पदमा बहाल रहेको कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि सहायक तेस्रो तहको पदमा कायम गरी उपदफा (३) मा उल्लेख भए बमोजिम स्तरवृद्धि गरिनेछ ।

४२. <u>बढुवा र स्तरवृद्धि रद्द हुने:</u> झुट्टा विवरणको आधारमा कुनै प्रदेश निजामती कर्मचारीको बढुवा भएमा निजको बढुवा रद्द हुनेछ ।

## परिच्छेद– ७

## तलब, भत्ता र अन्य सुविधा

४३. <u>तलब भत्ता:</u> (१) प्रदेश निजामती कर्मचारीले आफ्नो पदमा बहाली गरेको दिनदेखि तलब, भत्ता पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशभित्र कार्यरत प्रदेश निजामती कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरिनेछैन ।

(३) उपदफा (२) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो प्रदेश निजामती कर्मचारीले पाएको तलब, भत्ता त्यसरी भुक्तानी गर्ने पदाधिकारीबाट असुलउपर गरिनेछ ।

(४) प्रत्येक प्रदेश निजामती कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ ।

(५) कुनै प्रदेश निजामती कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब बृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई अभिलेख राखु पर्नेछ ।

४४. <u>पकाएको तलब भत्ता पाउने:</u> (१) प्रदेश निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान गरेपछि तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ ।

(२) कुनै प्रदेश निजामती कर्मचारी जुनसुकै तरिकाले प्रदेश निजामती सेवामा नरहे पनि पकाएको तलब भत्ता पाउनेछ ।

(३) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूमा व्यवस्था भएकोमा बाहेक कुनै प्रदेश निजामती कर्मचारीको तलब कट्टा गरिनेछैन ।

(४) नैतिक पतन देखिने फौजदारी अपराधमा अदालतबाट कैद सजाय भएको प्रदेश निजामती

कर्मचारीलाई उक्त कैद अवधिको तलब भत्ता दिइनेछैन ।

४५. **निलम्बन भएमा पाउने तलबः** (१) कुनै प्रदेश निजामती कर्मचारी सरकारी कामको सम्बन्धमा वा प्रदेश सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरूप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

तर निजले सफाई पाएमा निलम्बन रहेको अवधिभर आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश निजामती कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसुरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन ।

तर त्यस्तो फैसला उपर पुनरावेदन परी त्यस्तो निजामती कर्मचारीले सफाई पाएमा सो अवधिको पूरा तलब पाउनेछ ।

४६. **चाडपर्व खर्चः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्पराअनुसार मनाउने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रूपमा पाउनेछ। त्यस्तो चाडपर्व खर्च लिंदा कुन चाडपर्वमा लिने हो सो खुलाई कार्यरत कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त प्रदेश निजामती कर्मचारी वा निजको पारिवारिक निवृतिभरण पाउने

व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउनेछ ।

४७. <u>कर्मचारी सञ्चय कोषः</u> (१) प्रदेश निजामती कर्मचारीको मासिक तलबबाट दस प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत्प्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरिदिनेछ ।

(२) निलम्बन भएको प्रदेश निजामती कर्मचारीले आधा तलब पाएको भएमा सोही बमोजिम आधा तलबको दस प्रतिशत्का दरले हुने रकम कट्टा गरी उपदफा (१) बमोजिम सञ्चयकोषमा जम्मा गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कर्मचारी सञ्चयकोषको रकम प्रदेश सरकारले स्थापना गरेको कर्मचारी सञ्चयकोषमा जम्मा गर्नु पर्नेछ ।

तर प्रदेश सरकारले सञ्चयकोषको स्थापना नगरेसम्म संघीय कर्मचारी सञ्चयकोषमा जम्मा गर्न बाधा पर्ने छैन ।

४८. <u>विमा सम्बन्धी व्यवस्थाः</u> (१) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार यस प्रदेशमा समायोजन भई आएका कर्मचारीहरुको साबिकका विमा योजनालाई निरन्तरता दिइनेछ ।

(२) प्रदेशमा कार्यरत रहुन्जेल कर्मचारीहरूको तहअनुसार स्वास्थ्योपचार स्वास्थ्य विमा तोकिए बमोजिम गराइनेछ ।

४९. <u>उपचार खर्चः</u> (१) प्रदेश निजामती कर्मचारीले तोकिएबमोजिम उपचार खर्च पाउनेछन् ।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट प्रदेश निजामती कर्मचारी सेवाबाट

अलग्ग हुँदा तोकिएबमोजिम सेवाअवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाकी रकम एकमुष्ट लिन पाउनेछ ।

तर बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भई निवृत्तभरण पाउने गरी सेवाबाट अलग्ग भएको प्रदेश निजामती कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा क्रमशः दस, पन्ध्र र बीस प्रतिशत् थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(३) दस वर्ष सेवा अवधि नपुगेको कुनै प्रदेश निजामती कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिदा तोकिएको रकमलाई दस वर्ष सेवा गरेवापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले यो ऐन प्रारम्भ भएपछि प्रदेश निजामती सेवामा प्रवेश गर्ने प्रदेश निजामती कर्मचारीको यस दफा बमोजिमको उपचार खर्चको सट्टा स्वास्थ्य विमा कार्यक्रम लागू गर्न सक्नेछ ।

५०. <u>आवास कर्जा तथा शैक्षिक बीमा सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले प्रदेश निजामती कर्मचारीलाई जागिर अवधिभरमा एक पटक जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो व्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) यो ऐन प्रारम्भ भएपछि निजामती कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त शैक्षिक वीमा योजना लागू गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) को सम्बन्धमा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५१. <u>विशेष आर्थिक सुविधाः</u> कुनै प्रदेश निजामती कर्मचारी सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई खाइपाई आएको बाह्र महिनाको तलब बराबरको रकम एकमुष्ट विशेष आर्थिक सुविधा प्रदान गरिनेछ ।

५२. <u>तलबको उल्लेखः</u> यस ऐनमा जहाँ-जहाँ तलबको उल्लेख भएको छ त्यसले सम्बन्धित प्रदेश निजामती कर्मचारीको तलब रकम (तलब बृद्धि समेत) लाई जनाउछ ।

५३. <u>तलब निर्धारण आयोग गठन सम्बन्धी ब्यवस्थाः</u> प्रदेश सरकारले आवश्यकता अनुसार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तलब निर्धारण आयोग गठन गर्न सक्नेछ ।

## परिच्छेद– ८
## <u>अवकाश, उपदान र निवृत्तभरण</u>

५४. <u>अनिवार्य अवकाशः</u> प्रदेश निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउनेछ ।

५५. <u>उमेर गणनाः</u> (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि प्रदेश निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएका जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन

आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।

(२) कुनै प्रदेश निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्ममिति कायम गरिने:

(क) नागरिकताको प्रमाणत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा शुरु नियुक्ति भएको मितिको आधारमा ।

(३) प्रदेश निजामती कर्मचारीले पेस गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरुको बीचमा एक वर्षको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिनेछ ।

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्ममिति कायम गरी निजको उमेर गणना गरिनेछ ।

५६. <u>असमर्थ कर्मचारीको सम्बन्धमा विशेष व्यवस्थाः</u> कुनै प्रदेश निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी प्रदेश सरकारले

गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा प्रदेश सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

तर प्रदेश सरकारको मेडिकल वोर्ड गठन नभएसम्म नेपाल सरकारको मेडिकल वोर्डबाट प्रमाणित गराउनु पर्नेछ।

५७. <u>स्वेच्छिक अवकाशः</u> (१) निवृत्तभरण पाउने अवस्था र उमेरको हद त्रिपन्न वर्ष पूरा भएका प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लेखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको साठ्ठी वर्ष उमेर ननाध्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृतिभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा प्रदेश सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशको लागि निवेदन माग गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने अवस्था भएको, उमेरको हद बाउन्न वर्ष पुगेको र एउटै तहमा वाह्र वर्ष सेवा अवधि पूरा गरेको निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक महिना अगावै साविकको तहभन्दा एक तह माथिल्लो तहमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ ।

५८. **<u>योगदानमा आधारित निवृत्तभरण र उपदानः</u>** (१) यो ऐन प्रारम्भ भएपछी स्थायी नियुक्त हुने प्रदेश निजामती सेवाका कर्मचारीहरुले तोकिए बमोजिम योगदानमा आधारित निवृतीभरण प्राप्त गर्नेछन् ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने कर्मचारीहरुको हकमा दफा ५७ को निवृतीभरण र उपदान सम्बन्धी व्यवस्था लागू हुने छैन ।

## परिच्छेद–९

## <u>तालिम, अध्ययन र छात्रवृत्ति</u>

५९. **<u>तालिम सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारले प्रदेश निजामती कर्मचारीको सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालिम दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले प्रत्येक आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो मातहतका कर्मचारीहरूको तालिम आवश्यक पहिचान गरी त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६०. **<u>अध्ययन, तालिम वा अध्ययन भ्रमणः</u>** (१) प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि, -

(क) "तालिम" भन्नाले अध्ययन बाहेक कुनै संस्थाद्धारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ ।

(ख) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसंग सम्बन्धित विषयमा शैक्षिक उपाधि हासिल गर्नको निमित गरिने अध्ययन सम्झनु पर्छ ।

(ग) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालिम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि अध्ययन, तालिम वा अध्ययन भ्रमणको लागि विषयगत आधारमा संख्या किटान गरी त्यसको विवरण उपदफा (३) बमोजिमको समितिमा पेस गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारको जुनसुकै निकायमा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणको बाँडफाँड गर्न देहाय बमोजिमको समिति रहनेछः

(क) प्रमुख सचिव, प्रदेश सरकार – अध्यक्ष

(ख) सचिव, प्रदेश सभा सचिवालय – सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(घ) सचिव, कानुन सम्बन्धी विषय हेर्ने सचिव – सदस्य

(ङ) सचिव, प्रदेश नीति आयोग – सदस्य

(च) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम अध्ययन, तालिम, अध्ययन भ्रमण वा छात्रवृत्ति वाँडफाँड गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँड गर्दा सबै सेवा, समूह वा उपसमूहका प्रदेश निजामती कर्मचारी तथा प्रदेशका अन्य सरकारी सेवाका कर्मचारी बीच न्यायोचित तवरले बाँडफाँड गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमणमा पठाउन पाइने छैन । कसैले सो समितिको स्वीकृति नलिई कुनै प्रदेश निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारवाही गरिनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको समितिबाट भएको निर्णय बमोजिम दरखास्त दिई अध्ययनको अवसर पाएका र अन्तरराष्ट्रिय प्रतिस्पर्धाबाट छनौट भई अध्ययन गर्न जाने बाहेक निजी प्रयासमा अध्ययन गर्न जाने निजामती कर्मचारीलाई अध्ययन विदा दिइने छैन ।

६१. <u>अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधिः</u> प्रदेश सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने प्रदेश निजामती कर्मचारीले अध्ययन, तालिम वा अध्ययन भ्रमण

पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ ।

६२. <u>कबुलियत गर्नुपर्ने:</u> (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले सरकारी मनोनयनमा अध्ययन गर्न, तालिम लिन वा अध्ययन भ्रमणमा जानुअघि दफा ६१ बमोजिमको सेवा गर्ने गरी कबुलियत गर्नु पर्नेछ ।

(२) अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको प्रदेश निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यनूनतम सेवाअवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिना भन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरिने छैन ।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाँदा कबुलियत गरेको अवधिको आखिरी तलब तथा भत्ता रकमको दोब्बर रकम असुल उपर गरिनेछ ।

(४) अख्तियारवालाको पूर्वस्वीकृति लिई निजी प्रयासमा बेतलवी अध्ययन विदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन विदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक सेमेस्टरको नतिजा वा प्रगति विवरण त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, प्रदेश किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) र (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका प्रदेश निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(७) उपदफा (३) बमोजिम रकम असुल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारीको दफा ५४ बमोजिम अनिवार्य अवकाश भएको वा मृत्यु भएको कारणले दफा ६१ बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुलउपर गरिने छैन ।

(९) तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका प्रदेश निजामती कर्मचारी त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ ।

## परिच्छेद– १०

## आचरण

६३. **समयपालन र नियमितताः** प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ र सकेसम्म पहिले

बिदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन ।

६४. <u>अनुशासन र आदेशपालनः</u> प्रदेश निजामती कर्मचारीले देहाय अनुसारको अनुशासन र आदेशपालन गर्नुपर्नेछः

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालना गर्नुपर्ने,

(ख) सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पूरा गर्नुपर्ने,

(ग) आफूभन्दा माथिका सबै कर्मचारीहरूप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारीहरू प्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) अराजक गतिविधि गर्न नहुने र

(ङ) विद्युतिय र सामाजिक सञ्जालमा सेवाको मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरितका कार्यहरु गर्न गराउन नहुने ।

६५. <u>राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुनेः</u> कुनै पनि प्रदेश निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

६६. <u>राजनीतिक क्रियाकलापमा संलग्न हुन नहुनेः</u> प्रदेश निजामती कर्मचारीले राजनीतिक दल वा संगठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिनु हुँदैन ।

६७. <u>सरकारको आलोचना गर्न नहुनेः</u> (१) प्रदेश सरकारको नीतिको विपरीत हुने गरी वा प्रदेश सरकार र जनताको

पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि प्रदेश निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्नु, प्रेसलाई कुनै खबर दिनु, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्नु, कुनै सार्वजनिक भाषण दिनु वा कुनै वक्तव्य प्रकाशित गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन र प्रदेश सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

६८. <u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्धः</u> (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारद्वारा अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अरू अनाधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू रहनेछ ।

(२) उपदफा (१) विपरीत सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा रोक्का गर्न सकिनेछ ।

६९. <u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्धः</u> (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने

गरी कुनै पनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिनु हुँदैन ।

(२) प्रदेश निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

७०. कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने: प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई कुनै बैंक वा कम्पनी वा सहकारी संस्थाको स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानुन बमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्नु हुदैन ।

७१. अन्यत्र नोकरी वा सेवा गर्न नहुने: (१) प्रदेश निजामती कर्मचारीले अख्तियारवालाको पूर्वस्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती कर्मचारीले प्रदेश सरकारको नीति विपरित नहुने गरी साहित्यीक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धित कार्य गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रदेश निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः–

(क) प्रचलित कानुन बमोजिम अध्ययन विदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई प्रदेश सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) प्रदेश सरकारद्धारा सञ्चालित वा प्रदेश सरकारको पुर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा वाधा नपर्ने गरी प्रशिक्षण सम्वन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघ संस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुनेदेखि

अख्तियारवालाले बिदा वा काज स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र प्रदेश सरकारको अहित नहुने गरी आफ्नो पेशागत संगठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि ‘‘सामाजिक संस्था’’ भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका सामाजिक संघ संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, संगीत, विज्ञान, धर्म वा यस्तै अन्य कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ।

(छ) कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश लोक सेवा आयोग वा सार्वजनिक नियकाबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको ब्यात्तिले त्यसपछि एक बर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाँउने छैन ।

(५) प्रदेश निजामती सेवाको बाह्रौं र एघारौं तहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले प्रदेश सरकारको पूर्व स्वीकृति विना सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुदैनः

(क) संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकार वा प्रदेश सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) दातृ निकायहरुबाट सञ्चालित आयोजनाहरुमा परामर्शदाताको रुपमा कार्य गर्न,

(ग) अध्यापन तथा प्रशिक्षण जस्ता स्वतन्त्र प्राज्ञिक काम बाहेक प्रदेश स्थिति कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र गैर सरकारी तथा निजी संघ संस्थामा कर्मचारी, परामर्शदाता वा अन्य कुनै हैसियतमा काम गर्न ।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले त्यस्तो काम गरेको अवधिभर यस ऐन वा यस अन्तरगत बनेको नियमावली बमोजिमको सेवा सुविधा लिन पाउने छैन ।

७२. **निर्वाचनमा भाग लिन नहुनेः** प्रदेश निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिनु, प्रचार–प्रसार गर्नु, जुलुस सभामा भाग लिनु, चन्दा दिनु वा कसैको लागि मत मागनु वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुँदैन ।

७३. **प्रदर्शन र हडताल गर्न प्रतिबन्धः** (१) प्रदेश निजामती कर्मचारीले प्रदर्शन गर्नु, बन्द हडतालमा भाग लिनु, थुनछेक गर्नु, बाधा अवरोध गर्नु, घेराउ गर्नु, जुलुसमा भाग लिनु, चन्दा दिनु वा कसैको लागि मत माग्नु वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुदैन ।

(२) उपदफा (१) विपरीत कार्य गरी कुनै प्रदेश निजामती कर्मचारीले सार्वजनिक, सरकारी वा निजी सम्पतिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो प्रदेश निजामती कर्मचारीलाई विभागीय कारवाही गरी क्षतिपूर्ति समेत भराइनेछ ।

७४. **प्रतिनिधित्व गर्न नहुनेः** प्रदेश निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारिसद्वारा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिनु बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन ।

७५. **यौनजन्य दुर्व्यवहार गर्न नहुनेः** कुनै प्रदेश निजामती कर्मचारीले कसैलाई यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन ।

७६. **यातना दिन नहुनेः** प्रदेश निजामती कर्मचारीले कसैलाई यातना दिनु हुँदैन ।

७७. **सम्पति विवरण पेस गर्नुपर्नेः** (१) प्रदेश निजामती कर्मचारीले प्रचलित कानुन बमोजिम तोकिएको अवधिभित्र आफ्नो सम्पति विवरण प्रदेश किताबखाना समक्ष पेस गर्नु पर्नेछ ।

तर प्रदेश किताबखाना स्थापना नहुन्जेलसम्म सम्पति विवरण राष्ट्रिय किताबखानामा समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको सम्पति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश

राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुने गरी विद्युतीय माध्यमबाट सुरक्षित एवं गोप्य किसिमले अभिलेख रहने व्यवस्था गर्न सकिनेछ ।

७८. **स्थायी आवासीय अनुमति लिन नहुने:** (१) कुनै पनि प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिनु हुँदैन ।

(२) कुनै प्रदेश निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त गरेको मितिले साठी दिनभित्र सम्बन्धित प्रदेश निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेस गर्नु पर्नेछ ।

७९. **सामाजिक जवाफदेहिता वहन गर्नुपर्ने:** (१) संविधान र कानुनको पालना गरी सामाजिक जवाफदेहिता वहन गर्नु प्रदेश निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

(२) प्रचलित कानुनको प्रतिकूल कार्य भएको देखिएमा सोको जानकारी गराउनु प्रदेश निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

८०. **आचरण पालना गराउने:** (१) विभागीय प्रमुख र कार्यालय प्रमुखले आफू र आफ्ना मातहतका कर्मचारीलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको आचारणको पालना गर्नु गराउनु पर्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीले कार्यालयको कामकाज गर्दा तोकिए बमोजिमको पोशाक र कर्मचारी परिचय पत्र अनिवार्यरूपमा प्रयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम आचारण पालना गर्नुपर्ने कर्मचारीले त्यस्तो आचरण उल्लंघन गरेमा अख्तियारवालाले समयमै विभागीय कारवाही गर्नु पर्नेछ र

त्यस्ता कार्यलाई कार्य सम्पादन मूल्यांकनको आधार बनाइनेछ ।

## परिच्छेद– ११

## सेवाको सुरक्षा

८१. **प्रदेश निजामती कर्मचारीको सेवाको सुरक्षाः** देहायका अवस्थामा बाहेक कुनै पनि प्रदेश निजामती कर्मचारीलाई सफाइको मनासिब मौका नदिई प्रदेश निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैनः-

(क) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पति शुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ख) भागी, हराई वा वेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएमा ।

८२. **प्रदेश निजामती कर्मचारीको बचाउः** (१) प्रदेश निजामती कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कामको सम्बन्धमा अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन ।

(२) कुनै प्रदेश निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ ।

८३. <u>प्रदेश निजामती कर्मचारीको सेवा शर्तको सुरक्षाः</u> कुनै प्रदेश निजामती कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन ।

## परिच्छेद– १२

## <u>विभागीय सजाय र पुनरावेदन</u>

८४. <u>विभागीय सजायः</u> उचित र पर्याप्त कारण भएमा प्रदेश निजामती कर्मचारीलाई देहायबमोजिमको विभागीय सजाय गर्न सकिनेछः

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा प्रदेश सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा प्रदेश सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने ।

८५. <u>नसिहत दिनेः</u> देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई नसिहत दिन सकिनेछः-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) पूर्वस्वीकृति नलिई एक महिनामा दुई पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानुन बमोजिम बरबुझारथ नगरेमा,

(घ) प्रचलित कानुन बमोजिम पेस्की फछ्र्यौट नगरेमा,

(ङ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा,

(च) व्यवस्थापन परीक्षण गर्दा प्रशासनिक अनियमितता गरेको देखिएमा,

(छ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि गाली गलौच वा दुर्व्यवहार गरेमा,

(ज) दफा १०४ बमोजिम चेतावनी पाएको कर्मचारीले सोही पदमा रहदा पुनः सोही दफा बमोजिमको कुनै काम गरेमा,

(झ) दफा ८७ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसुर सम्बन्धी अभियोगबाहेक अन्य कुनै फौजदारी अभियोगमा जरिवानाको सजाय भएमा,

(ञ) कुनै पदाधिकारीलाई गैरकानुनी दवाव दिएमा,

(ट) दफा २६ विपरीत काजको अवधिभन्दा बढी समय काज खटाएमा वा त्यसरी हाजिर गरे गराएमा,

(ठ) दफा ६० को उपदफा (३) बमोजिमको समितिको स्वीकृति विना कुनै कर्मचारीलाई वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरेमा ।

८६. **<u>बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्नेः</u>** (१) देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न सकिनेछः-

(क) यो ऐन वा प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजूरी पटक-पटक वेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) यो ऐन र यस ऐनअन्तर्गत बनेका नियमहरूमा उल्लिखित आचरणसम्बन्धी कुराहरू पालना नगरेमा वा उल्लंघन गरेमा,

(ङ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(च) सेवाप्रवाहमा जानाजान लापरवाही वा ढिलासुस्तीको कारण सेवाग्राहीलाई हानि पुग्न गएमा,

(छ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राहीमाथि हातपात गरेमा,

(ज) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुठ्ठा विवरण पेस गरेको प्रमाणित भएमा,

(झ) हालको पदमा दफा ८५ बमोजिम दुई पटक नसिहत पाएकोमा पुनः सोही दफा बमोजिम सजाय हुने काम गरेमा,

(ञ) दफा ८७ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसुर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा एक वर्ष वा सोभन्दा कम कैदको सजाय भएमा ।

(२) प्रदेश निजामती कर्मचारीले उपदफा (१) को खण्ड (ञ) बमोजिम कैदको सजाय पाएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

८७. <u>सेवाबाट हटाउने वा वर्खास्त गर्नेः</u> (१) देहायको कसुर प्रमाणित भएमा प्रदेश निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो काम वा जिम्मेवारी पूरा गर्न नसकेमा वा त्यस्तो काम वा जिम्मेवारीको पटकपटक वेवास्ता गरेमा,

(ख) राजनीतिक दल वा संगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा वा राजनीतिक पदको लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा,

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थको सेवन गरेमा,

(घ) पटकपटक अनुशासन र आदेश पालना नगरेमा,

(ङ) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(च) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको प्रदेश निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(छ) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसुर सम्बन्धी अभियोगबाहेक अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष भन्दा बढी कैदको सजाय भएमा,

(ज) हालको पदमा दफा ८६ बमोजिम दुई पटक सजाय पाएकोमा पुनः सोही दफा बमोजिम सजाय हुने काम गरेमा,

(झ) सेवा अवधिभरमा तीन पटक दफा ८५ वा ८६ बमोजिमको सजाय पाइसकेकोमा पुनः सोही दफा बमोजिम सजाय हुने काम गरेमा ।

(२) देहायको कुनै अवस्थामा प्रदेश निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिनेछः

(क) भ्रष्टाचार, राष्ट्रविरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पतिशुद्धीकरण, पुरातात्विक वस्तु बेचविखन, मानव बेचविखन, अपहरण, शरीरबन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ख) स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) सरकारी सेवामा नियुक्ति हुने वा वहाल रहने उदेश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

८८. <u>हाजिरी र गयल कट्टी सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रदेश निजामती कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलबकट्टी गर्न सक्नेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ८७ को उपदफा (१) को खण्ड (ङ) वा (च) विपरीत विदा स्वीकृत नगराई अनुपस्थित हुने वा

हाजिर नहुने प्रदेश निजामती कर्मचारीलाई हाजिर गराइने छैन र सो अवधिपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको विदा समेत स्वीकृत गरिनेछैन ।

(३) कसैले उपदफा (२) विपरीत कुनै प्रदेश निजामती कर्मचारीलाई हाजिर गराएमा वा दफा ८७ को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदन बमोजिम विदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा बिदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा बिदा स्वीकृतगर्ने पदाधिकारीलाई विभागीय कारवाही गरिनेछ ।

(४) दफा ८७ को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिम सजायको निर्णय गर्दा सो बमोजिमको अवधि पूरा भएको भोलिपल्टदेखि लागू हुने गरी निर्णय गर्नु पर्नेछ । यसरी अनुपस्थित रहेको अवधि गयलकट्टी गरिनेछ।

(५) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण प्रदेश कितावखानामा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिमको कारवाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र सुरु गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ ।

८९. <u>विभागीय सजाय दिने अधिकारीः</u> (१) निजामती कर्मचारीलाई दफा ८४ बमोजिमको विभागीय सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) अधिकृत एघारौं तह वा सो सरहको पद र सोभन्दा माथिको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई प्रदेश सरकार,

(ख) अधिकृत सातौं, आठौं, नवौं र दशौं तह वा सो सरहको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई प्रदेश मन्त्रलयको सचिव वा सो सरहको अधिकारी,

(ग) सहायक तेस्रो, चौथों, पाचौं र अधिकृत छैठौं तह वा सो सरहको पदमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको कम्तीमा सातौं तहको कार्यालय प्रमुख ।

(२) प्रदेशमा कार्यरत संघीय निजामती कर्मचारीको हकमा प्रदेशमा कार्यरत रहँदासम्म यसै कानुन बमोजिम विभागीय सजाय हुनेछ ।

९०. <u>**निलम्बन गर्नेः**</u> (१) कुनै प्रदेश निजामती कर्मचारीको सम्बन्धमा दफा ८७ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नुपरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैनः–

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुठ्ठा सबुत प्रमाण संकलन गर्नसक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्नसक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा सरकारवादी भई मुद्दा दायर भएमा ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै प्रदेश निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन । सो अवधिभित्रै त्यस्तो कर्मचारी उपरको कारवाही किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनुपरेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेका प्रदेश निजामती कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(४) कुनै प्रदेश निजामती कर्मचारी विरुद्ध भ्रष्टाचार, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोबार, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ ।

९१. <u>**निलम्बनको समाप्तिः**</u> कुनै प्रदेश निजामती कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ९० को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बरखास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ ।

९२. **सफाइ पेस गर्ने मौका दिनुपर्नेः** (१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै प्रदेश निजामती कर्मचारीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी कम्तिमा सात दिनको म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ ।

तर प्रदेश सरकारले सजायको आदेश दिनु पर्नेमा त्यसरी सफाईको मौका दिने प्रयोजनको लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाईको मौका दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मौका दिंदा निजमाथि लगाइएको आरोप स्पष्टरूपले किटिएको र प्रत्येक आरोप कुन-कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सफाईको मौका दिइएकोमा सम्बन्धित प्रदेश निजामती कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्नेछ र यसरी पेस हुन आएको सफाईलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक लिनु पर्नेछ ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ ।

९३. **विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्नेः** विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा ९२ बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस

नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो प्रदेश निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तिमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

९४. <u>प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्नेः</u> (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश निजामती कर्मचारीले दफा ९२ बमोजिम दिएको सफाइ वा दफा ९३ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रदेश लोकसेवा आयोगको परामर्श लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा प्रदेश लोकसेवा आयोगले एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ ।

९५. <u>सजाय सम्बन्धी निर्णय गर्नेः</u> (१) दफा ९४ बमोजिम प्रदेश लोकसेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुत प्रमाणको मूल्यांकन गरी पन्ध्र दिन भित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी र सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

९६. <u>जानकारी दिन सकिनेः</u> (१) दफा ७८ विपरित कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा

त्यस्तो व्यक्तिले सो जानकारी सम्वन्धित निजामती कर्मचारी कार्यरत कार्यालय वा सेवा संचालन गर्ने मन्त्रालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त हुन आएमा सम्वन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो निजामती कर्मचारीको सम्वन्धमा छानविन गर्न बिभागीय सजाय दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजाय दिने अधिकारीले त्यस्तो प्रदेश निजामती कर्मचारीको सम्वन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले सेवा सञ्चालन गर्ने मन्त्रालय वा अन्य कुनै सरकारी निकायसंग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलव्ध गराउनु सम्वन्धित निकायको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम छानविन र कारवाही गर्दा कुनै प्रदेश निजामती कर्मचारीले स्थायी आवासिय

अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिनाभित्र प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

९७. **प्रशासकीय अदालतः** (१) यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्न देहाय बमोजिमको एक प्रशासकीय अदालत गठन गरिनेछः –

(क) उच्च अदालतको मुख्य न्यायाधीश हुन योग्यता पुगेका व्यक्ति मध्येबाट प्रदेश सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति –अध्यक्ष

(ख) उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका व्यक्ति मध्येबाट प्रदेश सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति –सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –सदस्य

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम उच्च अदालतको बहालवाला मुख्य न्यायाधीश वा न्यायाधीशलाई प्रशासकीय अदालतको अध्यक्ष वा सदस्य तोक्नु पर्ने भएमा न्याय परिषद्को परामर्श लिनु पर्नेछ ।

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले कुनै मुद्दा हेर्न नमिल्ने भएमा त्यस्तो मुद्दाको हकमा प्रदेश सरकारले तोकेको प्रदेश सरकारको अन्य कुनै सचिवले प्रशासकीय अदालतको सदस्यको रुपमा कार्य गर्नेछ।

(४) प्रशासकीय अदालतमा पुनरावेदन गर्ने पुनरावेदकले चाहेमा आफै वा वारिस मार्फत तारिखमा बस्न र कानुनव्यवसायीद्वारा बहस पैरवी गराउन सक्नेछ ।

(५) प्रशासकीय अदालतमा आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(६) यस ऐन बमोजिम विभागीय सजाय पाउने प्रदेश निजामती कर्मचारीले विभागीय सजायको आदेश पाएको वा त्यसको सूचना पाएको मितिले पैतीस दिनभित्र प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

तर काबू बाहिरको पस्थितिले गर्दा म्याद गुज्रिएकोमा बढीमा तीस दिनसम्मको म्याद थामिन सक्नेछ।

(७) प्रशासकीय अदालतले आफू समक्ष परेको पुनरावेदनमा त्यस्तो पुनरावेदन परेको मितिले सामान्यतयाः छ महिनाभित्र निर्णय गर्नु पर्नेछ ।

(८) प्रशासकीय अदालतको कार्यविधि तोकिएबमोजिम हुनेछ ।

९८. <u>निर्णयमा असर नपर्ने:</u> कुनै प्रदेश निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम कर्मचारीले गरेको काम कारवाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्नेछैन ।

९९. <u>सजायको अभिलेखः</u> (१) कुनै प्रदेश निजामती कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा केन्द्रीय निकाय, सेवासमूह, उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश कितावखानामा समेत पठाउनु पर्नेछ ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका

प्रत्येक प्रदेश निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद-१३

## स्थानीय सेवा सम्बन्धी व्यवस्था

१००. स्थानीय सेवा गठन तथा सञ्चालनः (१) स्थानीय सेवा सम्बन्धी ब्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कानुनको ब्यवस्था नभएसम्म सम्बन्धित स्थानीय तहसँग समेत समन्वय गरी स्थानीय सेवाका कर्मचारीको परिचालन र कामकाज सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१०१. स्थानीय तहको दरबन्दी निर्धारण तथा स्वीकृतिः (१) स्थानीय तहको संगठन संरचना सर्वेक्षण, दरबन्दी संख्या तथा पद संख्या निर्धारण गरी सोको प्रतिवेदन स्थानीय तहले प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ ।

(२) स्थानीय तहले आफ्नो निकायको संगठन संरचना र दरबन्दी स्वीकृत गर्नु पूर्व प्रदेश सरकारको सहमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत संगठन संरचना प्रदेश किताबखानामा दर्ता भएपछि कार्यान्वयन हुनेछ ।

१०२. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्थाः (१)स्थानीय तहको प्रमूख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पदमा मानिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले स्वीकृत दरबन्दी बमोजिमका अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा सरुवा वा पदस्थापना गर्नेछ।

## परिच्छेद-१४

## विविध

१०३. **सेवा समूह सञ्चालनः** प्रदेश निजामती सेवा, समूह वा उपसमूहको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०४. **चेतावानी दिन सकिनेः** प्रदेश निजामती कर्मचारीले देहायको कुनै काम गरेमा सुपरीवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राखिनेछः

(क) समयको पालना नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आदेश पालन नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरबाही वा ढिलासुस्ती गरेमा वा

(ङ) सेवाग्राहीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा ।

१०५. **प्रदेश निजामती कर्मचारीले पाउने विदाः** (१) प्रदेश निजामती कर्मचारीहरूले देहायका विदाहरू तोकिए बमोजिम पाउने छनः

(क) भैपरी आउने र पर्व विदा,

(ख) घर विदा,

(ग) बिरामी विदा

(घ) प्रसूति विदा

(ङ) प्रसूति स्याहार विदा

(च) मृत्यु संस्कार विदा

(छ) सट्टा विदा

(ज) अतिरिक्त सेवा विदा

(झ) अध्ययन विदा र

(ञ) असाधारण विदा ।

(२) उपदफा (१) बमोजिम पाउने विदा प्रदेश निजामती कर्मचारीको अधिकार होइन, सहुलियत मात्र हो ।

१०६. <u>बेतलबी बिदाः</u> (१) कुनै प्रदेश निजामती कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो निजामती कर्मचारीले तोकिए बमोजिम बेतलबी बिदा पाउनेछ । यसरी पाउने बिदाको अवधि निजको सेवाअवधिमा गणना गरिनेछैन ।

(२) सम्बन्धित सेवा समूहलाई उपयोगी हुने विषयमा प्रदेश निजामती कर्मचारीले निजी प्रयासमा अध्ययन गर्न चाहेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्वस्वीकृति लिई पटकपटक गरी वा एकै पटक बढीमा तीन वर्षको लागि बेतलबी विदा पाउनेछ ।यस बमोजिमको बिदाको अवधि निजको सेवाअवधिमा गणना गरिनेछ ।

१०७. <u>भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधाः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८४ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको प्रदेश निजामती कर्मचारीले दफा ४७ बमोजिमको संचयकोष, दफा ४८ बमोजिमको सावधिक जीवन बीमा र दफा ५८ बमोजिमको योगदानमा आधारित निवृत्तिभरण वापत जम्मा भएको रकम मध्ये त्यस्तो

कर्मचारीले योगदान गरेको रकम र सोको व्याजबाहेक अन्य कुनै सुविधा पाउने छैन ।

तर दफा ८७ को उपदफा (२) को खण्ड (क) बमोजिम सजाय पाई वर्खास्त भएको कर्मचारीले सञ्चित घर विदा र विरामी विदा वापतको रकम तथा उपचार खर्च वापतको रकम मात्र पाउनेछ ।

(२) प्रदेश निजामती सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा त्यस्तो सुविधा पाउने व्यक्तिले अन्य मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमति पाएको रहेछ भने उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन ।

१०८. <u>नोकरी नथामीनेः</u> कुनै प्रदेश निजामती कर्मचारीले दफा ८४ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको एक वर्ष मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन ।

१०९. <u>प्रदेश निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधाः</u> (१) कुनै प्रदेश निजामती कर्मचारीलाई दफा ८४ को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

(२) यो ऐन प्रारम्भ हुन अघि प्रदेश निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको प्रदेश निजामती कर्मचारी अदालतको आदेशद्वारा प्रदेश निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलबवृद्धि पाउनेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा ८७ को उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम सेवाबाट हटाइएको प्रदेश निजामती कर्मचारीले अदालतको आदेशबाट सेवामा पुनः बहाली भएमा कार्यालयमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनः बहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन ।

११०. प्रदेश निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनः (१) यस ऐनको अधीनमा रही प्रदेश निजामती कर्मचारीको हक हितको लागि सामुहिक सौदावाजी गर्न तथा कर्मचारीको तर्फबाट प्रतिनिधित्व गर्नको लागि एक आधिकारीक ट्रेड युनियन हुनेछ ।

(२) आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रत्येक तीन वर्षमा तोकिए बमोजिम हुनेछ ।

तर यस ऐन बमोजिम आधिकारिक ट्रेड युनियनको निर्वाचन नभएसम्म प्रचलित कानुन बमोजिम दर्ता भएको राष्ट्रियस्तरका ट्रेड युनियन यसै ऐन बमोजिम निर्वाचित भएको मानिनेछ ।

(३) प्रदेश आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रयोजनको लागि तोकिए बमोजिम प्रदेश स्तरको निजामती कर्मचारीको ट्रेड युनियन दर्ता गर्नु पर्नेछ । यसरी ट्रेड

युनियन दर्ता गर्दा सेवागत, जातीगत, लैंगिक, पदीय वा क्षेत्रगत आधारमा गरिनेछैन ।

(४) उपदफा (३) बमोजिम नयाँ ट्रेड युनियन दर्ताका लागि प्रदेश किताबखानाबाट संकेत नम्बर प्राप्त गरेका उपदफा (७) बमोजिम निजामती ट्रेड युनियनको सदस्यता प्राप्त गर्न योग्य प्रदेश निजामती कर्मचारीको कुल संख्याको बीस प्रतिशत कर्मचारीको हस्ताक्षर सहित ट्रेड युनियन दर्ताका लागि तोकिएको निकायमा निवेदन दिनु पर्नेछ ।

(५) आधिकारिक ट्रेड युनियनले कर्मचारीहरुको सामूहिक हकहितको संरक्षण तथा सम्बर्द्धनका लागि तोकिए बमोजिम सामूहिक सौदाबाजी गर्न तथा कानुनमा भएको व्यवस्थाको कार्यान्वयन गर्न तोकिए बमोजिम सामाजिक संवादमा सहभागी हुन पाउनेछ ।

(६) आधिकारिक ट्रेड युनियन बाहेक अन्य कुनैपनि युनियनले वा प्रदेश निजामती कर्मचारीको समूहले सामूहिक मागदावी पेस गर्न पाउने छैनन् । आधिकारिक ट्रेड युनियनले माग पूरा गर्नको लागि तोकिएको प्रक्रिया बमोजिम वार्ता गर्ने, छलफल गर्ने तथा मध्यस्थताको माध्यम बनाउने बाहेक हडताल वा काम बन्द गर्न पाउने छैनन् ।

(७) प्रदेश निजामती कर्मचारीको ट्रेड युनियनमा कार्यालय प्रमुख भई काम गर्नुपर्ने र चिकित्सकबाहेक अधिकृत आठौं तहसम्मका वा सो भन्दा मुनिको कर्मचारीहरु सहभागी हुन सक्नेछन् ।

(८) प्रदेश निजामती सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माणमा सरकारलाई रचनात्मक सहयोग गर्नु आधिकारिक

कर्मचारी ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको कर्तव्य हुनेछ ।

(९) प्रदेश निजामती सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी र व्यावसायिक बनाउन क्रियाशील हुनु आधिकारिक ट्रेड युनियन तथा यस दफा बमोजिम दर्ता भएका प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको जिम्मेवारी हुनेछ ।

(१०) एउटै व्यक्ति दुई कार्यकाल भन्दा बढी प्रदेश आधिकारिक ट्रेड युनियनको अध्यक्ष पदमा रहने छैन।

(११) प्रदेश आधिकारिक ट्रेड युनियन तथा प्रदेश निजामती कर्मचारी ट्रेड युनियनको कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कारणले कुनैपनि प्रदेश निजामती कर्मचारीले पदीय जिम्मेवारी बमोजिमको काम गर्नबाट उन्मुक्ति वा छुट पाउने छैन। आफ्नो पदीय जिम्मेवारी पूरा गर्नु त्यस्तो पदाधिकारी तथा सदस्यको कर्तव्य हुनेछ ।

(१२) ट्रेड युनियन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

१११. <u>प्रदेश निजामती कर्मचारीहरूको पीरमर्का, गुनासो र सुनवाइको व्यवस्थाः</u> (१) प्रदेश निजामती कर्मचारीले यस ऐन वा प्रचलित कानुन बमोजिम अन्यत्र उजूरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र प्रदेश निजामती कर्मचारीसँग सरोकार राख्ने कुनै पनि विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा

गुनासो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा तोकिए बमोजिम राख्न सक्नेछ ।

(२) प्रदेश निजामती कर्मचारीहरूको पीरमर्का, गुनासो र सुनुवाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११२. <u>बरबुझारथ गर्नुपर्नेः</u> कुनै प्रदेश निजामती कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाइ दिनु पर्नेछ र सो बुझ्नुपर्नेले पनि सोही म्यादभित्र बुझिलिनु पर्नेछ ।

११३. <u>अपाङता भएका कर्मचारीका लागि विशेष व्यवस्थाः</u> अपाङ्गता भएको कर्मचारीको पदस्थापना वा सरुवा गर्दा निजको अपाङताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा गरिनेछ।

११४. <u>कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालनः</u> (१) प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणको लागि कल्याणकारी कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कल्याणकारी कोषको आय स्रोत तथा संचालन ब्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

११५. <u>सेवानिबृत प्रदेश निजामती कर्मचारीको सेवा लिन सक्नेः</u> (१) प्रदेश निजामती कर्मचारी सेवाबाट अवकाश प्राप्त गरी निवृत्तिभरण पाइरहेका कर्मचारीसंग प्रदेश सरकारले आवश्यक सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवानिवृत्त पूर्वकर्मचारीको कर्तव्य हुनेछ ।

११६. **व्यवस्थापन परीक्षणः** (१) प्रदेश लोकसेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका विभिन्न निकायहरूमा कार्यरत प्रदेश निजामती कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालन गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्यांकन गरी व्यवस्थापन परीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता गरेको देखिएमा सम्बन्धित निजामती कर्मचारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ ।

(३) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक सय बिस दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ ।

११७. **अधिकार प्रत्यायोजनः** (१) प्रदेश सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरू प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रदेश निजामती कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफूमातहतका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा ९२ को उपदफा (१) बमोजिम सफाईको मौका दिने प्रयोजनको लागि अधिकार प्रत्यायोजन गर्ने

बाहेक विभागीय सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन ।

११८. <u>कर्मचारी अभिलेख सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश निजामती सेवाका कर्मचारीहरुको अभिलेख प्रदेश किताबखानाले राखेछ।

(२) प्रदेश किताबखानाको स्थापना नहुन्जेलसम्म कर्मचारीहरूको अभिलेख राष्ट्रिय किताबखानामा रहनेछ ।

(३) प्रदेश किताबखानाको स्थापना भए पश्चात कर्मचारीहरूको विवरण राष्ट्रिय किताबखानाबाट माग गरी प्रदेश किताबखानाले ब्यवस्थापन गर्नेछ ।

११९. <u>पुरस्कृत गर्ने सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेशमा कार्यरत प्रदेश निजामती कर्मचारीलाई सरकारले प्रत्येक वर्ष निजामती दिवसमा सर्वोत्कृष्ट प्रदेश निजामती सेवा, उत्कृष्ट प्रदेश निजामती सेवा र प्रदेश निजामती सेवा लगायतका पुरस्कारहरूबाट पुरस्कृत गर्नेछ।

(२) पुरस्कार सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२०. <u>प्रदेश निजामती कर्मचारी अस्पतालः</u> (१) प्रदेश निजामती कर्मचारी तथा निजको परिवारका सदस्यहरूको उपचारको लागि निजामती कर्मचारी अस्पतालको आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै निजामती अस्पतालको ब्यवस्था नभएसम्म प्रदेश अन्तरगतका कुनै अस्पताललाई उपचारकोलागि व्यवस्थापन गर्नेछ ।

१२१. <u>सेवा अवधिको गणनाः</u> यस ऐन अन्तरगत प्रदेश निजामति कर्मचारीहरूको सेवा अवधि गणना गर्दा सेवामा अविच्छिन्न

रहेको भए संघीय निजामती सेवामा वा स्थानीय सेवामा काम काज गरेको सेवा अवधि समेत गणना गरिनेछ ।

१२२. सन्तती छात्रवृति सम्बन्धी व्यवस्थाः निजामति कर्मचारी सन्ततीलाई तोकिएको आधार तथा मापदण्ड बमोजिम प्रदेश सरकारले छात्रवृति दिन सक्नेछ ।

१२३. संघीय निजामती कर्मचारी सम्बन्धी ब्यवस्थाः (१) प्रदेश निजामती सेवाका कर्मचारीबाट सेवा प्रवाह गर्न अपुग भएमा नेपाल सरकारसंग कर्मचारी माँग गर्न सक्नेछ ।

(२) प्रदेश निजामती सेवाका कर्मचारीहरू प्रमुख सचिव र सचिव पदमा बढुवा नहुन्जेलसम्म उपदफा (१) बमोजिम खटिएका विषिष्ट श्रेणीका कर्मचारीलाई प्रमुख सचिव र राजपत्राकिंत प्रथम श्रेणीका कर्मचारीलाई मन्त्रालयका सचिवमा काम काज गराउन सकिनेछ ।

(३) प्रदेश निजामती सेवाका सम्बन्धित सेवा समूहका कर्मचारीहरू उपलब्ध नभएमा मात्र सो सेवा समूहका पदमा संघीय निजामती सेवाका कर्मचारीलाई खटाउन सकिनेछ ।

(४) प्रादेशिक संरचना भित्रको कुनै कार्यालय वा निकायको कार्यालय प्रमुख पदमा सरुवा वा पदस्थापना गर्दा प्रदेश निजामती सेवाका कर्मचारीलाई प्राथमिकता दिइनेछ ।

(५) प्रदेश सरकारले यस दफा बमोजिम खटिएका संघीय निजामती कर्मचारीको कामको मुल्याङ्कन गरी पुरस्कार र कार्यवाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

१२४. सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्थाः (१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद लगातार दुई वर्षसम्म पूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट

सेवा परिवर्तन गरी पूर्ति गर्नुपर्ने भएमा प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहमति माग भएमा प्रदेश लोक सेवा आयोगले सम्बन्धित सेवा, समूह वा उपसमूह र पदको लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता भएका समान तहको पदमा बहाल रहेका प्रदेश निजामती कर्मचारीहरु प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन सक्ने गरी विज्ञापन प्रकाशन गर्नेछ । यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनोट भएका प्रदेश निजामती कर्मचारीलाई प्रदेश सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश स्वास्थ्यसेवामा बहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो कर्मचारी अध्ययन पूरा गरी सेवामा हाजिर भएपछि प्रदेश लोक सेवा आयोगको परामर्शमा निजको विशेष योग्यतासंग सम्बन्धित समूह वा उपसमूहमा परिवर्तन गर्न सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा व्यवस्था भए बमोजिम बाहेक प्रदेश निजामती कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुनेछैन ।

**१२५. <u>समायोजन भई आएको कर्मचारीहरूको सेवा सुविधाः</u>** (१) कर्मचारी समायोजन सम्बन्धी संघीय कानुन बमोजिम प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था समायोजन हुनु पूर्व निज वहाल रहेको सेवा सम्बन्धी संघीय कानुनको प्रतिकूल हुने छैन ।

(२) उपदफा (१) बमोजिम प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीहरुको उपदान, निवृतिभरण र औषधी उपचार खर्च सम्बन्धी व्यवस्था समेत समायोजन हुनु पूर्व निज वहाल रहेको सेवा सम्बन्धी संघीय कानुन बमोजिम हुनेछ ।

१२६. नियम बनाउने अधिकारः (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउदा प्रदेश सरकारले प्रदेश निजामती सेवाका सबै सेवा, समूह तथा उपसमूहहरुमा सामान्य रुपले लागू हुने वा बेग्लाबेग्लै सेवा, समूह वा उपसमूहको लागि पृथक रूपले लागू हुने नियमहरू बनाउन सक्नेछ ।

१२७. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

**प्रमाणीकरण मितिः- २०७७/१०/२८**

**आज्ञाले,**
**वीरेन्द्र कुमार यादव**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ बाट प्रकाशित